बैठक संख्या: ७८

आज मिति २०८३ साल जेठ २२ गते शुक्रबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री बिमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभ लक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | |
| २२ | सदस्य | श्री कमला परियार | |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री उर्मिला काफ्ले | |

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिका नगरसभाको १८ औं अधिवेशन आह्वान सम्बन्धमा ।

२) विविध ।

-:: निर्णयहरू ::-

गत बैठकका निर्णयहरूको प्रगति समीक्षा गरियो ।

**निर्णय नं. १**

बनेपा नगरपालिका नगरसभाको १८ औं अधिवेशनको बैठक मिति २०८३ असार १० गते बुधबार बस्नेगरी आह्वान गर्ने ।

**निर्णय नं. २**

बनेपा नगरपालिका अन्तर्गत सञ्चालन हुने मागमा आधारित योजनाहरू, नगरस्तरीय योजनाहरू, वडाको मागमा आधारित नगरस्तरीय योजनाहरू र वडा स्तरीय योजनाहरूको सम्झौता गर्ने म्याद अन्तिम पटकका लागि मिति २०८३ जेष्ठ मसान्तसम्म थप गर्ने ।

**निर्णय नं. ३**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च.नं. ४४४, मिति २०८३।०२।०४ को **भवन निर्माण व्यवस्था सुदृढीकरण समितिको निर्णयहरू कार्यान्वयन सम्बन्धमा** सम्बन्धी परिपत्र को निर्णय नं २ मा उल्लिखित "सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रूपमा कार्यान्वयन हुन, असुरक्षित र नियम विपरीतका भवनहरूलाई अभिलेखीकरण गर्ने कार्य तत्काल रोक्न सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूलाई परिपत्र गर्ने" बेहोराका सम्बन्धमा छलफल हुँदा बनेपा नगरपालिकाको सूचना बमोजिमको मितिभित्र नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा नियमानुसार दर्ता निस्सा प्राप्त गरी मिति २०८३ जेठ २२ गतेसम्म पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण प्रयोजनार्थ दरखास्त फाराम खरिद गर्नुहुने लाभग्राहीहरूको अभिलेखीकरणको प्रक्रिया अघि बढाउने र बाँकीको हकमा संघीय सरकारको उल्लिखित परिपत्र बमोजिम हाललाई अभिलेखीकरण नगर्ने ।

**निर्णय नं. ४**

सार्वजनिक भवनहरूको निर्माण उपभोक्ता समिति मार्फत गर्दा/गराउँदा उपभोक्ता समितिको नियमानुसार लागत साझेदारी अनिवार्य गराउने ।

**निर्णय नं. ५**

बनेपा नगरपालिका अन्तर्गत सार्वजनिक जग्गा अतिक्रमण भएको पाइएमा त्यस्तो अतिक्रमित जग्गा खाली गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

बनेपा नगरपालिका क्षेत्रभित्र केवल सेवा प्रदायक तथा इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले सडक नै अवरूद्ध हुने गरी तारहरू फ्याकेको पाइएकोले ती कम्पनीहरूलाई बनेपा नगरपालिकाको आर्थिक ऐन, २०८२ तथा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा रू.१५०००।—(अक्षेरेपी रू.पन्ध्र हजार ) का दरले जरिवाना तोकी आ-आफ्नो तारजन्य बस्तुहरू समयमा नै व्यस्थापन गर्न निर्देशन दिने ।

**निर्णय नं. ७**

बनेपा नगरपालिकाको आ.व.२०८२/०८३ को बजेट किताबमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा विनियोजित देहाय बमोजिम शीर्षकको रकमलाई देहाय कमोजिम शीर्षकमा रकमान्तर गरी कार्यक्रम सञ्चालन गर्ने ।

<table>
<tr><th>साविकको बजेट शीर्षक र रकम</th><th>संशोधित बजेट शीर्षक र रकम</th></tr>
<tr><td>लक्षित वर्ग लागत साझेदारी कार्यक्रम लक्षित वर्गहरूको लागि संघ, प्रदेशको लागत साझेदारी (गृहिणी महिला दलित लक्षित) कार्यक्रमहरूका लागि रू.६,१५०००।-</td><td>क.सामुदायिक उत्थान मञ्च (सिफ) नेपाललाई गृहिणि महिलाहरूको लागि चार दिने अचार बनाउने तालिम कार्यक्रम सञ्चालनका लागि रू.१०००००।—<br>ख. बनेपा नगरस्तरीय मानव अधिकारका लागि एकल महिला समूहको व्यवसाय प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत देहायका सामग्रीहरू खरिद गर्न लाग्न सक्ने अनुमानित जम्मा रकम रू.४००००।-
<table>
<tr><th>क. सं.</th><th>सामग्रीको बेहोरा</th></tr>
<tr><td>१</td><td>जुत्ताको सोल घोट्ने मेसिन १ थान</td></tr>
<tr><td>२</td><td>बच्चाको जुत्ता बनाउने फर्मा १थान</td></tr>
</table>
ग.अपाङ्ग महिला संघ बनेपालाई व्यवसाय प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत देहायका सामग्रीहरू खरिद गर्न लाग्न सक्ने अनुमानित जम्मा रकम रू.८०,०००।-
<table>
<tr><th>क. सं.</th><th>सामग्रीको बेहोरा</th></tr>
<tr><td>१</td><td>जुत्ताको सोल घोट्ने मेसिन १ थान</td></tr>
<tr><td>२</td><td>जुत्ताको साँचो २सेट</td></tr>
<tr><td>३</td><td>इलेक्ट्रिक वेट मेसिन १ थान</td></tr>
<tr><td>४</td><td>सरफ प्याकिङ मेसिन १ थान</td></tr>
</table></td></tr>
</table>

**निर्णय नं. ८**

बनेपा नगरपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण, २०८० स्वीकृत गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

बनेपा नगरपालिका अन्तर्गत विभिन्न पाँच वटा गाँउ बाल संरक्षण कोषको नाममा कृषि विकास बैंक धुलिखेलमा रहेको जम्मा रकम रू.३१९१६८५.०९।—बनेपा नगरपालिका मातहत ल्याउने ।

निर्णय नं. १०

बनेपा नगरपालिका विधायन समितिबाट सिफारिस भई आएका देहाय बमोजिम मापदण्ड तथा कार्ययोजनाहरू स्वीकृत गर्ने ।

क. बाल संरक्षण मापदण्ड, २०८३ ।

ख. लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ कार्यान्वयनको लागि कार्ययोजना, २०८२ ।

निर्णय नं. ११

बनेपा नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत जनस्वास्थ्य निरीक्षक, छैठौं तहको पदमा कार्यरत रहनु भएका श्री महेश्वर काजी श्रेष्ठ (क.सं.नं.१७७२३१)को स्तरबृद्धि र पदनाम सम्बन्धी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग (प्रशासन शाखा) टेकु, काठमाडौंको पत्र संख्या ०८२/०८३, च.नं.पारामेडिक्स/०३ र मिति २०८३।०१।२३ को पत्रमा उल्लिखित देहाय बमोजिमको बेहोरा स्वीकृत गर्ने ।

देहाय

| कर्मचारीको साविकको विवरण | कर्मचारीको स्तरबृद्धि भएको विवरण |
|---|---|
| सेवाः नेपाल स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्स्पेक्सन<br>पदः जनस्वास्थ्य निरीक्षक<br>तहः छैठौं तह<br>कार्यालयः बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक । | सेवाः नेपाल स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्स्पेक्सन<br>पदः जनस्वास्थ्य अधिकृत<br>तहः सातौं तह<br>कार्यालयः बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक ।<br>ज्येष्ठता लागू हुने मितिः२०८१।१०।०१ |

निर्णय नं. १२

कानूनी प्रक्रिया पूरा गरेका देहाय बमोजिम खानेपानी मुहान तथा उपभोक्ता समिति दर्ता गर्ने ।

| क्र.सं. | उपभोक्ता समिति तथा मुहानको नाम | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|

उपप्रमुख   प्रमुख प्रशासकीय अधिकृत   प्रमुख

| | | | |
|---|---|---|---|
| १ | बाटामुनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा चुनताल खानेपानी मुहान दर्ता गर्ने । | बनेपा-३ | |
| २ | चतुरे विश्राम ध्यान स्थल सिमहोप खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा हउँर डाँडा सामुदायिक वन क्षेत्रभित्र रहेको सिमहोप खोल्सा दर्ता गर्ने । | बनेपा-१४ | |
| ३ | मजुवाबारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा काँक्रावारी मुहान दर्ता गर्ने । | बनेपा-१४ | |

**निर्णय नं. १३**

आर्थिक वर्ष २०८२/०८३ का लागि देहाय बमोजिम योजनालाई देहाय बमोजिम हुने गरी अनुमोदन गर्ने।

| क्र.स. | वडा नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधित योजनाहरूको नाम | रकम रू |
|---|---|---|---|---|---|
| १. | ५ | ढगाल खोला घोकेचौर खानेपानी | रू.६,४०,०००।- | ढगाल गणेश घोगेचौर खानेपानी टयाङ्की निर्माण | रू.६,४०,०००।- |
| २. | ६ | डाँडा गाँउ टयाङ्की मेन लाइन विस्तार योजना | रू ८,०००००।- | एक घर एक धारा समानुपातिक योजना २ | रू ८,०००००।- |
| ३. | ८ | टेवल टेनिस बोर्ड खरिद | रू ८०,०००।- | थाचुघाट स्तरोन्नति तथा व्यवस्थापन | रू २४०,०००।- |
| ४. | ८ | असम्फ फल्चा उत्तरपट्टी मर्मत | रू १६०,०००।- | | |

**निर्णय नं. १४**

पुण्यमाता खोला (नदी) कोरिडोर आयोजनाको दायाँबायाँ साँध सीमाना छुटयाउने तथा रेखाङ्कन गर्ने कार्यका लागि जग्गा वर्गीकरण शीर्षकमा विनियोजित रू.१५,०००००।— बाट भुक्तानी दिने ।

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

निर्णय नं. १५

बनेपा नगरपालिका विधायन समितिमा आवश्यक छलफल भई पेश हुन आएको कृषक समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

निर्णय नं. १६

बनेपा नगरपालिकाको कार्य क्षेत्र भित्रका सहकारी संस्थाहरूले नगरपालिका समक्ष स्वीकृतिका लागि पेश गरेका विनियमहरू आवश्यक संशोधन/परिमार्जन तथा स्वीकृतिका लागि सिफारिस गर्न तपसिल बमोजिमका पदाधिकारी रहने गरी विनियम सिफारिस समिति गठन गर्ने ।

- संयोजकः प्रमुख प्रशासकीय अधिकृत,
- सदस्यः विधायन समितिका संयोजक,
- सदस्यः सम्बन्धित सहकारीका अध्यक्ष/प्रबन्धक,
- सदस्यः नगरपालिकाले तोकेका सहकारी सम्बन्धी वित्तीय ज्ञान भएका विज्ञ १ जना,
- सदस्य सचिवः सहकारी शाखा प्रमुख

निर्णय नं. १७

आर्थिक वर्ष २०८२/०८३ का लागि देहाय बमोजिम योजनालाई देहाय बमोजिम हुने गरी संशोधन गर्ने।

| क्र.स. | वडा नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधित योजनाहरूको नाम | रकम रू |
|---|---|---|---|---|---|
| १. | २ | डाँडामुख काभ्राबोट नाली सरसफाई | रू.८०,००००।- | वडाका मुख्य, सहायक सडकको ड्रेन तथा नाली सरसफाई | रू ३२००००।- |
| २. | २ | थुम्का त्रिशुलधारा सडक सरसफाई | रू.८०,००००।- | | |
| ३ | २ | थुम्का दोभान सडक सरसफाई | रू.८०,००००।- | | |
| ४ | २ | सिक्रे लाकुरी भञ्ज्याङ सडक सरसफाई | रू.८०,००००।- | | |
| ५ | ६ | पाँच कुमारी गल्ली | रू २४००००।- | बुडोल मार्ग बाटो मर्मत संभार | रू २४००००।- |

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

| क्र.स. | वडा नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधित योजनाहरूको नाम | रकम रू |
|---|---|---|---|---|---|
| ६ | ६ | अरनिको राजमार्ग दक्षिण चण्डेश्वरी खोला (वडा नं.६) | रू ५,०००००।- | अरनिको राजमार्ग (उत्तर चण्डेश्वरी खोला ) (वडा नं.६) | रू ५,०००००।- |
| ७ | ७ | काँध खोला रिटेनिङ्ग वाल निर्माण (भक्तेश्वर मार्ग) | रू ६,४०,०००।- | चण्डेश्वरी खोलामा रिटेनिङ्ग वाल निर्माण | रू ६,४०,०००।- |
| ८ | ८ | तुल्टिफाँट क्षेत्र स्तरोन्नति | रू ८,०००००।- | साँ को मैला बाटो स्तरोन्नति | रू ८,०००००।- |
| ९ | १३ | विश्वकर्मा मार्ग सेता गणेश बाटो स्तरोन्नति | रू ८०,०००।- | साँगा फुटसलको शौचालय निर्माण | रू ८०,०००।- |
| १० | १३ | बाझावन सेतीदेवी मन्दिर संरक्षण | रू ८०,०००।- | बाझावन सेतीदेवी मन्दिरको पर्खाल निर्माण | रू ८०,०००।- |
| ११ | १४ | वडा कार्यालय परिसर शौचालय निर्माण | रू.१६००००।- | खाल्चोक मानेडाँडा पार्क निर्माण | रू.४,८००००।- |
| १२ | १४ | नासिका मन्दिर पाटिको छाना मर्मत | रू.३२००००।- | | |
| १३ | १४ | घङसङ खानेपानी | रू.१६००००।- | पेमा देछलिङ्ग गुम्बा सामान खरिद | रू.१६००००।- |
| १४ | १४ | विमन एक्टिङ फर ट्रान्सफरमेटिभ संस्था कार्यक्रम | रू ८०,०००।- | वडा अन्तर्गत भेटेरिनरी तथा अन्य सामान खरिद | रू ८०,०००।- |

**निर्णय नं. १८**

आ.व.२०८२।०८३ को लागि बनेपा नगरपालिका र शिर मेमोरियल अस्पताल बनेपा-५, बीच आमा सुरक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा सम्झौता गरी श्रावणदेखि असोजसम्मको बाँकी रकम भुक्तानी दिने ।

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

**निर्णय नं. १९**

संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम बनेपा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। साथै देहाय बमोजिम पदाधिकारी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने ।

क. संयोजक- प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका ।

ख. सदस्य- शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, बनेपा नगरपालिका ।

ग. सदस्य सचिव- शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा, बनेपा नगरपालिका ।

**निर्णय नं. २०**

यस बनेपा नगरपालिकामा सञ्चालन हुने विभिन्न बैठक, तालिम, गोष्ठी, सेमिनार, कार्यशाला तथा कार्यक्रम लगायतमा नेपाल सरकार अर्थमन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ को खर्चको मापदण्ड पालना गर्ने ।

**निर्णय नं. २१**

बनेपा नगरपालिका नगरकार्यपालिकाको मिति २०८२ चैत्र ३० गते सोमबार बसेको ७७ औं बैठकले गरेका देहाय बमोजिमका निर्णयहरू पुनःअनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**-:: निर्णयहरू ::-**

**निर्णय नं. १**

बनेपा नगरपालिकामा उत्पन्न हुने फोहोरमैला व्यवस्थापन गर्न वायो ग्यास प्लान्ट निर्माण प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. २**

आ.व.२०८२/०८३ मा मागमा आधारित योजना सञ्चालन गर्न देहाय बमोजिम योजनामा देहाय बमोजिम बजेट विनियोजन गर्ने।

| क.स. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | रञ्जनाको घरदेखि वोगटीगाँउ जाने दिलिप शर्माको घर सम्म बाटो स्तरोन्नति (वडा नं.११) | रू २,५०,०००/- | |
| २. | सहायक राजदाश मार्ग स्तरोन्नति (वडा नं.९) | रू २,५०,०००/- | |
| ३. | अरूणोदय विद्यालय अगाडि पहिरो नियन्त्रण (वडा नं.३) | रू ३,००,०००/- | |
| ४. | आगल दवाडी टोल सडक स्तरोन्नति (वडा नं.४) | रू २,००,०००/- | |
| ५. | चामुण्डा मन्दिर रंग रोगन (वडा नं.३) | रू ५,००,०००/- | |
| ६. | थलि हुँदै टावर जाने सडक मर्मत (वडा नं.३) | रू ५,००,०००/- | |

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| ७. | माथिल्लो वाँतल ढल निर्माण (वडा नं.४) | रू ३,००,०००/- | |
| ८. | घोगेचौर करिडोर ढलान (वडा नं.५) | रू ८,००,०००/- | |
| ९. | गणेश मन्दिर (वडा नं.४) | रू ७,००,०००/- | |
| १०. | विष्ट गाँउ खानेपानी (वडा नं.१२) | रू ९५,०००/- | |
| ११. | डोखाटोल राजुकुलो ढल व्यवस्थापन (वडा नं.११) | रू ३,००,०००/- | |
| १२. | निकास खत्रीटोल सडक मर्मत (वडा नं.२) | रू ५,००,०००/- | |
| १३. | काक्रे पहिरो नियन्त्रण (श्रवणको घर नजिक मोड) (वडा नं.३) | रू २,००,०००/- | |
| १४. | कागलगाँउ मार्ग स्तरोन्नति (वडा नं.१०) | रू ९,००,०००/- | |
| १५. | ११ नं. वडा मोटर बाटो (वडा नं.११) | रू ३,००,०००/- | |
| १६. | विश्वकर्मा हुँदै दक्षुटोल वाल निर्माण (वडा नं.१३) | रू ५,००,०००/- | |
| १७. | तल्लो सातमुले सडक स्तरोन्नति (वडा नं.१०) | रू ५,००,०००/- | |
| १८. | सिमलडाँडा बाला गाँउ सडक निर्माण (वडा नं.१) | रू ६,००,०००/- | |
| १९. | सिमलडाँडा दोवाबास सडक पहिरो नियन्त्रण (वडा नं.५) | रू ३,००,०००/- | |
| २०. | सहायक शान्ती मार्ग बाटो ढलान (कांगाल सहायक) (वडा नं.१०) | रू ५,००,०००/- | |
| २१. | ज्यासननी लाँ ढुङ्गा छाप्ने/फ्लोर ढलान (वडा नं. ९) | रू ३,००,०००/- | |
| २२. | तल्लो गिरी गाँउ, खानेपानी लाईन सुधार तथा मुहान मर्मत (वडा नं. २) | रू २,००,०००/- | |
| २३. | बनेपा न.पा. वडा नं. १४ स्थित ग्वासिज्वा कार्की गाउँमा पलाञ्चोक भगवती मन्दिर निर्माण (वडा नं. १४) | रू ५,००,०००/- | |
| २४. | तरकारी बजार ढल मर्मत (संगम मार्ग) (वडा नं. ७) | रू ४,१५,३९४.०५/- | |
| २५. | पाकुडोल पानी टयाङ्कीबाट मगरटोल जाने सिडी निर्माण (वडा नं. ११) | रू ३,००,०००/- | |
| २६. | ब्यायाम मेशिन, चाईना ग्राउण्ड (वडा नं. ५) | रू ४,००,०००/- | |
| २७. | माथिल्लो तरूल खण्डे सडक निर्माण (वडा नं. २) | रू ५,००,०००/- | |
| २८. | फुटबल ग्राउण्डको छेउमा व्याडमिन्टन कर्वड हल निर्माण (वडा नं. ५) | रू २०,००,०००/- | |
| २९. | AV News TV Network | रू ४,००,०००/- | |
| ३०. | कायस्थ ब्याङक्वेट उत्तर तर्फ बाटो स्तरोन्नति (वडा नं. ५) | रू ५,००,०००/- | |

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| ३१. | राजदास मार्ग सहायक (क) स्तरोन्नति (वडा नं. ५) | रू ५,००,०००/- | |
| ३२. | अरनिको राजमार्ग (उत्तर चण्डेश्वरी खोला) (वडा नं. ६) | रू ५,००,०००/- | |
| ३३. | अरनिको राजमार्ग दक्षिण चण्डेश्वरी खोला (वडा नं. ६) | रू ५,००,०००/- | |
| | जम्मा | रू १,५५,१०,३९४.०५/- | |

**निर्णय नं. ३**

बनेपा नगरपालिका शिक्षा ऐन-२०८२ को दफा २२ बमोजिम देहाय बमोजिम पदाधिकारीहरू रहने गरी बनेपा नगरपालिका नगर शिक्षा समिति पुनर्गठन गर्ने।

| क्र.स. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | शान्ति रत्न शाक्य | अध्यक्ष | |
| २. | विमला सापकोटा दाहाल | उपाध्यक्ष | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४. | श्याम सुन्दर श्रेष्ठ | सदस्य | |
| ५. | शुभलक्ष्मी मानन्धर | सदस्य | |
| ६. | लक्ष्मण दाहाल | सदस्य | |
| ७. | श्याम मानन्धर | सदस्य | |
| ८. | रीता बादे श्रेष्ठ | सदस्य | |
| ९. | महेन्द्र बिष्ट | सदस्य | |
| १०. | रामबहादुर कुँवर | सदस्य | |
| ११. | एक्टिभ तौजले | सदस्य | |
| १२. | रामशरण बजगाई | सदस्य | |
| १३. | रूपा खतिवडा दाहाल | सदस्य | |
| १४. | रोमी परियार | सदस्य | |
| १५. | शिक्षक महासंघ नगर समिति अध्यक्ष | पदेन सदस्य | |
| १६. | समाजिक विकास समिति संयोजक | पदेन सदस्य | |
| १७. | शिक्षाशाखा प्रमुख | सदस्य सचिव | |

**निर्णय नं. ४**

शिक्षा ऐन, २०२८, तथा बनेपा नगरपालिका विद्यालय शिक्षा ऐन,२०८२ परिच्छेद-५, दफा-२४ को उपदफा २ बमोजिम बनेपा नगरपालिका क्षेत्रभित्र रहेका देहाय बमोजिम विद्यालयहरूमा देहाय बमोजिम हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू तोक्ने।

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

| क्र.स. | विद्यालयको नाम | वि.व्य.समिति अध्यक्ष | कैफियत |
|---|---|---|---|
| १. | श्री चण्डेश्वरी सृष्टिकान्त मा.वि., बनेपा-४ | श्याम सुन्दर श्रेष्ठ | |
| २. | श्री चक्रज्योति मा.वि, बनेपा-१३ | श्री रोशन कुमार धौगोडा | |

**निर्णय नं. ५**

मिति २०८२ चैत्र २३ गते बसेको बनेपा नगरपालिका विधायन समिति बठैकद्वारा पेश गरिएको बनेपा नगरपालिका जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०८२ स्वीकृत गरी लागू गर्ने।

**निर्णय नं. ६**

बनेपा नगरपालिका क्षेत्रभित्रका फोहोर मैला अनुगमन तथा व्यवस्थापन गर्न मिति २०८२ चैत्र २२ गते बसेको बनेपा नगरपालिका वन वातावरण तथा विपद् व्यवस्थापन समिति बठैकको सिफारिस बमोजिम देहाय बमोजिम पदाधिकारी रहने गरी बनेपा नगरपालिका फोहोर मैला अनुगमन तथा व्यवस्थापन समिति गठन गर्ने।

| क्र.स. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | शिव कुमार थापा | संयोजक | |
| २. | मनिषा तामाङ | सदस्य | |
| ३. | मन मिजार | सदस्य | |
| ४. | अनुगमन हुने वडाका वडा अध्यक्ष | पदेन सदस्य | |
| ५. | शाखा प्रमुख प्रशासन शाखा | पदेन सदस्य | |
| ६. | शाखा प्रमुख स्वास्थ्य शाखा | पदेन सदस्य | |
| ७. | शाखा प्रमुख कृषि विकास शाखा | पदेन सदस्य | |
| ८. | शाखा प्रमुख पशु सेवा शाखा | पदेन सदस्य | |
| ९. | शाखा प्रमुख सामुदायिक विकास शाखा | पदेन सदस्य | |
| १०. | नगर प्रहरी ईन्चार्ज | पदेन सदस्य | |
| ११. | स्थानीय पत्रकार | सदस्य | |
| १०. | वन वातावरण तथा विपद् व्यवस्थापन समिति सचिव | सदस्य सचिव | |

**निर्णय नं. ७**

बनेपा नगरपालिका नगर शिक्षा समितिको मिति २०८२ चैत्र १५ गतेको बैठकले सिफारिस गरे बमोजिम बनेपा नगरपालिका विद्यालय शिक्षा ऐन, २०८२ मा तोकिएको शर्तहरूको पालना गर्ने तथा थप कक्षाको लागि आवश्यक खर्च विद्यालयको आफ्नै श्रोतबाट व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८३ देखि देहाय बमोजिमका विद्यालयहरूलाई देहाय बमोजिम कक्षा थप गर्न स्वीकृति प्रदान गर्ने।

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

| क्र.स. | विद्यालयको नाम | विद्यालयको किसिम | हाल सञ्चालित कक्षा | स्वीकृति थप कक्षा |
|---|---|---|---|---|
| १. | श्री चक्रज्योति मा.वि, बनेपा-१३ | सामुदायिक | प्राविधिक तर्फ कक्षा-१० | प्राविधिक तर्फ कक्षा-११ |
| २. | श्री न्यू मोडेल एकेडेमी, बनेपा-१० | संस्थागत | कक्षा-१० | कक्षा-११ |
| ३. | श्री तारापुन्ज एकेडेमी, बनेपा-७ | संस्थागत | कक्षा-६ | कक्षा-७ |
| ४. | श्री बनेपा सक्सेस एकेडेमी, बनेपा-८ | संस्थागत | कक्षा-३ | कक्षा-४ |

**निर्णय नं. ८**

शैक्षिक सत्र २०८२ मा कार्यपालिका बैठकको निर्णय बमोजिम कक्षा स्थगन गरिएको श्री अरुणोदय आ.वि. बनेपा-३ मा शैक्षिक शत्र २०८३ देखि पूर्व प्राथमिक कक्षा (ECD) सञ्चालन गर्ने तथा सो विद्यालयमा साविकमा कार्यरत कार्यालय सहयोगी श्री रामप्यारी दाहाललाई श्री शुभ चामुण्डा मावि बनेपा-३ बाट सरूवा गरी उल्लिखित विद्यालयमा पदस्थापन गर्ने।

**निर्णय नं. ९**

आर्थिक वर्ष २०८२/०८३ मा जात्रा पर्व खर्च शीर्षकमा विनियोजित रकमबाट भुक्तानी हुने गरी देहाय बमोजिम संस्था तथा गुठीलाई जात्रा/पर्व सञ्चालन गर्न देहाय बमोजिम रकम उपलब्ध गराउने।

| क्र.स. | संस्था/गुठी | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | चण्डेश्वरी इभेन्ट एण्ड साउन्ड | चण्डेश्वरी जात्राको गतिविधि प्रसारण गर्न | ३६,०००/- (छत्तिस हजार मात्र) | |
| २. | हलि नेवाः गुठी | चण्डेश्वरी स्तोत्र भजन सञ्चालन गर्न | ४५,०००/- (पैंतालिस हजार मात्र) | |

**निर्णय नं. १०**

बनेपा नगरपालिका वडा नं.-१ निवासी बालकृष्ण घिमिरेको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा निजको Brain Paralysis को उपचारका लागि रू ५०,०००/- (पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख

निर्णय नं. ११

आर्थिक वर्ष २०८२/०८३ का लागि देहाय बमोजिम योजनालाई देहाय बमोजिम हुने गरी संशोधन गर्ने।

| क्र.स. | वडा नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधित योजनाहरूको नाम | रकम रू |
|---|---|---|---|---|---|
| १. | ३ | घट्ट ठूलो चौर सिढि निर्माण | रू १,२०,०००/- | दलित बस्ती सिढि निर्माण | रू १,२०,०००/- |
| २. | ३ | पुटली टोल हुँदै बजगाई टोल सम्म सडक | रू १,२०,०००/- | वडा भित्रका सडक ग्रावेल तथा सडक मर्मत | रू १,२०,०००/- |
| ३. | ३ | प्रभात देखी देउराली सिढि निर्माण | रू १,५०,०००/- | रातो पोल टांके नन्दादेवी सडक मर्मत | रू १,५०,०००/- |
| ४. | ३ | पहिरो हुँदै स्कुल सडक | रू ४,००,०००/- | वडा भित्रका सडक ग्रावेल तथा सडक मर्मत | रू २,००,०००/- |
| | | | | दुध व्यवसायीलाई तालिम | रू २,००,०००/- |
| ५. | ३ | टावरदेखि नन्दादेवी सडक पहिरो नियन्त्रण | रू २,४०,०००/- | टावरदेखि नन्दादेवी भीसेन मार्ग ग्रावेल गर्ने | रू २,४०,०००/- |
| ६ | ३ | गुरूङगाउँ लाउखेत खानेपानी मर्मत | रू १,५०,०००/- | अरूणोदय आ.वि. ट्रस्ट निर्माण | रू १,५०,०००/- |
| ७ | ३ | च्यानेपाटी तिनघरे निर्माण सम्पन्न | रू ४,००,०००/- | भिमसेन मार्ग अपुरो ढलान | रू ४,००,०००/- |
| | | जम्मा | रू १५,८०,०००/- | जम्मा | रू १५,८०,०००/- |
| ८ | ४ | इपिलाछे पोखरी | रू. २,००,०००/- | भैरवथान परिसर निर्माण | रू ३,००,०००/- |
| ९ | ४ | नाला खानेपानी घेराबार | रू २,४०,०००/- | खरिटार सडक स्तरोन्नि | रू ३,००,०००/- |

उपप्रमुख　　प्रमुख प्रशासकीय अधिकृत　　प्रमुख

| क्र.स. | वडा नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधित योजनाहरूको नाम | रकम रू |
|---|---|---|---|---|---|
| १० | ४ | खरिटार पदमार्ग स्तरोन्नि | रू १,६०,०००/- | - | - |
| ११ | ४ | सादी कुलो | रू २,४०,०००/- | आंगल दवाडी टोल सडक स्तरोन्नति | रू २,४०,०००/- |
| | | जम्मा | रू. ८,४०,०००/- | जम्मा | रू. ८,४०,०००/- |
| १२ | ७ | भक्तेश्वर सहायक मार्ग स्तरोन्नति | रू २,४०,०००/- | न्हु बहाल मन्दिरमा पौभा छाप्ने | रू ४,४०,०००/- |
| १३ | ७ | भक्तेश्वर मार्ग उत्तर तर्फ फुटपाथ निर्माण | रू १,६०,०००/- | भिमसेन मार्ग दक्षिण सडकको ढल तथा बाटो | रू ३,००,०००/- |
| १४ | ७ | कोभननी बाटो ईट्टा छाप्ने | रू ८०,०००/- | आई टि पार्क अगाडि (मन्दिरा) को बाटो स्तरोन्नति | रू २,००,०००/- |
| १५ | ७ | भक्तेश्वर मार्गको उत्तर तर्फको ढल तथा बाटो | रू १,६०,०००/- | चकलेट कारखाना कांध ला अगाडीको ढल तथा बाटो | रू ६५,०००/- |
| १६. | ७ | मनोज श्रेष्ठ घर देखिको सडक स्तरोन्नति | रू १,६०,०००/- | हुलाकीमार्ग सडक स्तरोन्नति | रू १,९५,०००/- |
| १७ | ७ | संगम मार्ग मर्मत (घाट जाने बाटो) | रू ४,००,०००/- | ओम श्रेणीमार्गबाट कांध खोलासम्म ह्युमपाईप राखी सडक स्तरोन्नति गर्ने | रू ८,००,०००/- |
| १८ | ७ | वडा कार्यालय सँगैको सहायक बखुंहिटिमार्गमा ढुंगा छाप्ने | रू ४,८०,०००/- | - | - |
| १९ | ७ | कोभ गणेश मन्दिर सँगैको धारा र इनार पुनः निर्माण | रू ३,२०,०००/- | - | - |

उपप्रमुख    प्रमुख प्रशासकीय अधिकृत    प्रमुख

| क्र.स. | वडा नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधित योजनाहरूको नाम | रकम रू |
|---|---|---|---|---|---|
| | | जम्मा | रू. २०,००,०००/- | जम्मा | रू. २०,००,०००/- |
| २० | ८ | खानेपानी तथा ढल व्यवस्थापन | रू ४,००,०००/- | चिः वह देखि असम्फसम्म ढुंगा विच्छ्याउने | रू ६,४०,०००/- |
| २१ | ८ | करूणा मार्ग ढल तथा पेटी मर्मत | रू १,६०,०००/- | | |
| २२ | ८ | लक्ष्यश्वर मार्ग ढल मर्मत | रू ८०,०००/- | | |
| २३ | ८ | कोःबहदेखि कोसासम्म ढुंगा छाप्ने | रू. ६,४०,०००/- | सुमाङगाल सडक ड्रेन निर्माण | रू ६,४०,०००/- |
| | | जम्मा | रू. १२,८०,०००।- | जम्मा | रू. १२,८०,०००।- |
| २४ | ११ | घट्टेखोला मायोज पछाडिको पुल व्यवस्थापन | रू ३,००,०००/- | शारदादेवी वडा कार्यालय पार्क वाल निर्माण | रू १३,००,०००/- |
| २५ | ११ | पुण्यमातादेखि सिनागाल थापा टोल ढल व्यवस्थापन | रू १०,००,०००/- | | |
| | | जम्मा | रू. १३,००,०००/- | जम्मा | रू. १३,००,०००/- |
| २६ | १३ | महेन्द्र मा.वि शैक्षिक तथा खेलकूद सामाग्री खरिद योजना | रू ५,६०,०००/- | बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम | रू १,५०,०००/- |
| | | | | महेन्द्र मा.वि शैक्षिक तथा खेलकूद सामाग्री खरिद योजना | रू ४,१०,०००/- |
| | | जम्मा | रू. ५,६०,०००/- | जम्मा | रू. ५,६०,०००/- |

उपप्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | १४ | काक्रावारी बुद्ध मूर्ति निर्माण रू.३लाख | रू.३०००००।- | सामुदायिक भवन डिपडोल | रू.७०००००।- |
| २८ | १४ | काक्रावारी सामुदायिक भवन शौचालय निर्माण तथा विद्युतीकरण रू.४ लाख | रू.४०००००।- | | |
| २९ | १४ | काक्रावारीमा बुद्ध मूर्ति निर्माण | रू.३०००००।- | पेमा देछलिङ गुम्बा सामान खरिद | रू.३०००००।- |
| ३० | १४ | बाबियोडाँडा गोरेटोबाटो सिढि मर्मत | रू.२०००००।- | खोलडाँडा घट्टेडाँडा फलिडाँडा ट्रष्ट निर्माण | रू.६०००००।- |
| ३१ | १४ | खाल्चोक भञ्ज्याङ बाबियोडाँडा आशापुरी बाटो स्तरोन्नति | रू.४०००००।- | | |
| | | जम्मा | रू. १६०००००। | जम्मा | रू. १६०००००। |

**निर्णय नं. १२**

बनेपा नगरपालिका वडा नं. १३ साँगा इटाचा गाँउमा अवस्थित कालिन्चोक भगवती मन्दिरको पुनर्निर्माणका लागि रू. ३५,०००/- (पैंतिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

**निर्णय नं. १३**

आ.व. २०८१/८२ को स्वीकृत नगरस्तरीय योजना अन्तर्गत ABM स्कूल जानेबाटो स्तरोन्नति कार्य सम्पन्न भई सकेकाले उक्त योजनाको प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानी दिने।

**निर्णय नं. १४**

आ.व. २०८२/८३ को कृषि विकास शाखा तर्फको तपसिल बमोजिम कार्यक्रमलाई तपसिल बमोजिम हुने गरी संशोधन गर्ने।

| क्र.स. | साविक कार्यक्रमको नाम | बजेट रकम रू. | संशोधित कार्यक्रमको नाम | बजेट रकम रू. |
|---|---|---|---|---|
| १. | ५०% अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण | रू. १०,००,०००/- | ५०% अनुदानमा टनेल प्लाष्टिक वितरण | रू. ५,००,०००/- |

उपप्रमुख　　प्रमुख प्रशासकीय अधिकृत　　प्रमुख

**निर्णय नं. १५**

कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि "एक पालिका एक चिस्यान केन्द्र कार्यक्रम" मा सहभागी भई बनेपा नगरपालिका वडा नं. ८ स्थित निर्माणाधीन चिस्यान केन्द्र निर्माणका लागि अपुग आवश्यक बजेट कृषि तथा पशुपन्छी विकास मन्त्रालय समक्ष माग गर्ने।

उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत प्रमुख